तानसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, पाल्पा

## (शिक्षा शाखा)

पत्र संख्या :२०७७/०७८

च.नं. ९

मितिः २०७७/०४/०२

**बिषय : नियमित उपस्थित भै कार्य गर्ने बारे ।**

**श्री सबै विद्यालय तथा शिक्षकहरु**

**तानसेन न.पा., पाल्पा ।**

COVID -19 का कारणले मिति २०७६/१२/११ देखि विद्यालयहरु वन्दावन्दीको अवस्थामा रहेका छन् । वन्दावन्दीको अवस्थामा समेत वालबालिकाहरुको सिकाइलाई निरन्तरता दिने उद्धेश्यले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले "वैकल्पिक प्रणालीबाट विद्यार्थीहरुको सिकाइ सहजीकरण निर्देशिका २०७७" कार्यान्वयनमा ल्याएको छ । सो निर्देशिकाले विद्यार्थीहरुको वैकल्पिक सिकाइ सहजीकरण सम्वन्धमा विद्यालय तथा शिक्षकहरुको जिम्मेवारी समेत किटान गरिदिएको छ । भौतिक तथा सामाजिक दुरी कायम गर्दै विद्यालयहरुले निर्देशिकाले तोके वमोजिम विद्यार्थीहरुको समुह वर्गीकरण, विद्यार्थी तथा अभिभावक सम्पर्क,परियोजना कार्य/गृहकार्य/अभ्यास सामाग्री तयार गरी विद्यार्थीहरुलाई वितरण गर्ने, संकलन गर्ने , परिक्षण तथा पृष्ठपोषण प्रदान गर्ने ,समुदायमा शिक्षक परिचालन लगायत अन्य वैकल्पिक सिकाइ क्रियाकलापहरु अनिवार्य रुपमा संचालन गर्न पुन निर्देशन दिइएको छ ।

शैक्षिक सत्र २०७७ को प्रारम्भसँगै सम्पादन गर्नुपर्ने शैक्षणिक योजना निर्माण, २०७६ को सिकाई उपलब्धि विश्लेषण ,शैक्षिक सामाग्री निर्माण, विद्यालयका विविध शैक्षिक सुचकहरुको अद्यावधिकता, पाठ्यक्रम,पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्रीहरुको व्यवस्थापन , विषयगत समितिहरुद्धारा कार्ययोजना तयारी, IEMIS को अद्यावधिकता, विद्यालय सुधार योजना निर्माण , हरित विद्यालय व्यवस्थापन जस्ता कार्यहरु पनि सम्पादन हुन सकिरहेका छैनन् । उल्लेखित परिवेशमा मिति २०७७ /०४/०५ देखि सबै शिक्षकहरु नियमित रुपमा आ-आफ्नो विद्यालयमा उपस्थित भै माथि लेखिएका कार्यहरु सम्पन्न गर्न गराउन तानसेन नगरपालिका भित्र संचालित सम्पूर्ण सामुदायिक, संस्थागत विद्यालयहरु, प्र.अ./शिक्षकहरु, शिक्षकका पेशागत संघ , संगठनहरु सबैमा अनुरोध छ ।

**बोधार्थ :**

१. नेपाल शिक्षक महासंघ, तानसेन नगर समिति
२. नेपाल राष्ट्रिय शिक्षक संगठन, तानसेन नगर समिति
३. नेपाल शिक्षक संघ, , तानसेन नगर समिति
४. एकिकृत अखिल नेपाल शिक्षक संगठन, तानसेन नगर समिति
५. निजी तथा आवासीय विद्यालय अर्गानाईजेशन (PABSON) , पाल्पा

०७७/०४/०२

रेशमलाल चौपागाईं उप सचिव

**शिक्षा शाखा प्रमुख, तानसेन नगरपालिका**

Scanned with CamScanner